छलफल तथा निर्णय

१. आगामी आर्थिक वर्ष २०७६।७७ को बजेट बक्तव्यका लागि राष्ट्रिय योजना आयोगबाट प्रस्तावित प्रमुख कार्यक्रमहरु परिमार्जन सहित स्वीकृत गर्ने र आवश्यक कारवाहीका लागि अर्थ मन्त्रालय पठाउने ।

२. पूर्वाधार तथा उत्पादन महाशाखाबाट प्रस्तुत **"Transforming Rice Sector of Nepal through technology intensive cultivation practice"** र **"Consolidated Livelihood Exercise for Analysing Resilience (CLEAR)"** विषयक परियोजना सम्बन्धी प्रस्तावका बारेमा आयोगमा जानकारी प्राप्त भयो ।

३. अर्थ मन्त्रालयबाट तयार पारिएको सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी विधेयकको मस्यौदा उपर राय/सुझाव माग गरिएको सम्बन्धमा विषयक्षेत्र हेर्नुहुने मा. सदस्यस्तरबाट निर्णय गरी आवश्यक राय पठाउने।

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त विभिन्न सडक निर्माण सम्बन्धी आयोजनाका लागि बजेट/स्रोत उपलब्ध गराइदिन माग भई आएको सम्बन्धमा उक्त आयोजनाहरु वार्षिक विकास कार्यक्रममा समावेश गर्नु पर्ने/नपर्ने एकिन गरी समावेश गर्नुपर्ने भए वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा प्रकृया अन्तर्गत रही प्रस्ताव गर्न सम्बन्धित मन्त्रालयलाई पत्राचार गर्ने ।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट आगामी आ.व. २०७६/७७ को वार्षिक विकास कार्यक्रममा समावेश गरिदिन लेखी आएको विभिन्न सडक, नदि सुरक्षा लगायतका अन्य भौतिक पूर्वाधार निर्माण सम्बन्धी आयोजनाका सम्बन्धमा प्रतिफलयुक्त आयोजनाहरुको हकमा प्राथमिकीकरण गरी हाललाई नेपालको संविधान, नेपाल सरकार मन्त्रिपरिषद्‌बाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदन, अन्तरसरकार वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल सरकार मन्त्रिपरिषद्‌बाट मिति २०७४/१२/०७ मा स्वीकृत मापदण्ड, नेपाल सरकार मन्त्रिपरिषद्‌बाट मिति २०७६/१/१७ मा स्वीकृत पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०/८१) आधार-पत्र र आ.व. २०७६/७७ को बजेट तथा वार्षिक कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७५ का आधारमा संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रअनुसार वर्गीकरण गरी आगामी आ.व. २०७६/७७ को वार्षिक कार्यक्रममा समावेश गर्न सम्बन्धित तहमा पठाउनका लागि सम्बन्धित मन्त्रालयमा पठाउने ।

६. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट "नवीकरणीय उर्जा प्रवर्द्धन विधेयक, २०७५" को मस्यौदा उपर आयोगको राय/परामर्श माग गरिएको सम्बन्धमा विषयक्षेत्र हेर्नुहुने मा. सदस्यस्तरबाट निर्णय गरी आवश्यक राय पठाउने ।